# सार्वजनिक खरिदका विधिहरु र त्यसको प्रयोग

**Suryabai Khanal PPMO**

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
**सार्बजनिक खरिद अनुगमन कार्यालय**

# Major objectives

- ❑ सार्वजनिक खरिद अन्तर्गत के के खरिद गर्न सकिन्छ ।
- ❑ खरिदका कुन-कुन विधि हुन्छन् ।
- ❑ कुन खालको खरिद (मालसामान, अन्य सेवा, परामर्श सेवा वा निर्माण) का लागि कुन-कुन खरिद विधि अपनाउन सकिने हो ।

# खरिद विधि छनौट गर्दा ध्यान दिनु पर्ने कुराहरु

- खरिद कार्यको प्रकृति (मालसामान, निर्माण कार्य, परामर्श सेवा आदि)
- खरिद मूल्यको सीमा (लागत अनुमानको आधारमा)
- खरिद गर्ने अवस्था, समय (उत्पन्न परिस्थिति र खरिद गर्ने समय सीमा)
- आपूर्तिकर्ताको उपलब्धता (राष्ट्रिय वा अन्तरराष्ट्रिय )
- सुरक्षा तथा सामरिक महत्वका अवस्थाहरु
- खरिद कार्य सम्पादन गर्नु पर्ने समय तालिका (खरिद योजना)
- आपूर्तिकर्ताको योग्यता आवश्यक पर्ने वा नपर्ने

# धेरै प्रचलित सार्वजनिक खरिदका विधिहरू

- खुल्ला प्रतिस्पर्धात्मक बोलपत्र ( अन्तराष्ट्रियस्तरको वोलपत्र तथा राष्ट्रियस्तरको वोलपत्र )
- सिलवन्दी दरभाउपत्र
- सोझै खरिद
- उपभोक्ता समितिमार्फत खरिद
- लाभग्राही समुदायमार्फत खरिद
- अमानत
- वार्ता

वार्ता

# सार्वजनिक खरिदका विधिहरु

(क) मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्नुपर्दा:

| क्र सं | विधि | रकमको थ्रेसहोल्ड | सम्वन्धित खरिद कागजात | कैफियत |
|---|---|---|---|---|
| १ | अन्तर्राष्ट्रियस्तरको खुला बोलपत्र (ICB) | ५ अरबभन्दा माथिको | SDBs (1S2E), SBD of PQ | |
| २ | राष्ट्रियस्तरको खुला बोलपत्र (NCB) | २० लाखदेखि ५ अरबसम्मको | SBDs(1S1E, 1S2E),SBD of PQ | २ करोड सम्म र २ करोड माथी |
| ३ | शिलबन्धी दरभाउपत्र (SQ) | २० लाखसम्म | SBD | स्वास्थ्य उपकरण ५० लाखसम्म |
| ४ | सोझै खरिद | १० लाखसम्म, ५ लाखसम्म र २५ लाख सम्म | PPA and PPR | निर्माण कार्य र मालसामान, अन्य सेवा तथा मर्मत र औषधीजन्य |
| ५ | उपभोक्ता समिति वा लाभग्राही समुदाय | १ करोड र ५ करोड रुपयाँसम्म | PPA and PPR | |

# सार्वजनिक खरिदका विधिहरु

| (क) मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्नुपर्दा: | | | | |
|---|---|---|---|---|
| क सं | विधि | रकमको थ्रेसहोल्ड | सम्वन्धित खरिद कागजात | कैफियत |
| ६ | अमानतबाट | एक पटकमा १ लाखसम्म | PPA and PPR | सामान्य प्रकृतिका मर्मत सम्भार, नियमित कार्य वा सरसफाई लगायतका निर्माण कार्य |
| ७ | एकमुष्ट दर विधिवाट | योग्यता आवस्यक नपर्ने प्रकृतिको निर्माण कार्य २ करोडसम्म | PPA and PPR | प्रत्येक इकाईको परिणाम र ल.ई. को तुलनावाट |
| ८ | क्याटलग सपिङ्ग खरिद विधिवाट, | उत्पादक वा अधिकृत बिक्रेतावाट यान्त्रीक सामानहरु ६० लाखसम्म | क्याटलग सपिङ्ग खरिद निर्देशिका | बोलपत्र जमानत आवस्यक नपर्ने |

# सार्वजनिक खरिदका विधिहरु

(क) मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद गर्नुपर्दा:

| क्र सं | विधि | रकमको थ्रेसहोल्ड | सम्वन्धित खरिद कागजात | कैफियत |
|---|---|---|---|---|
| ९ | लिमिटेड टेण्डरिङ्ग खरिद विधिवाट | | PPA and PPR | ३ वा सो भन्दा कम मात्र भेण्डर उपलब्ध हुने भएको अवस्थामा |
| १० | बाई ब्याक मेथड खरिद विधिवाट | | PPA and PPR | वारेणटी वा ग्यारेण्टी अवधी पुरा भएका र मर्मत सम्भारवाट पनि प्रभावकारी सञ्चालन हुन नसक्ने यान्त्रीक तथा सवारी साधन |

# सार्वजनिक खरिदका विधिहरु

(ख) परामर्श सेवा खरिद गर्नुपर्दा:

| क सं | विधि | रकमको थ्रेसहोल्ड | सम्वन्धित खरिद कागजात | कैफियत |
|---|---|---|---|---|
| १ | अन्तर्राष्ट्रियस्तरको खुला प्रस्ताव (ICP) | १५ करोड भन्दा बढीको | EOI and RFP (1S1E, 1S2E) | |
| २ | राष्ट्रियस्तरको खुला प्रस्ताव (NCP) | २० लाखभन्दा माथि १५ करोडसम्मको | EOI and RFP (1S1E, 1S2E) Documents | |
| ३ | मौजुदा सूचीवाट प्रस्ताव लिई | २० लाखसम्मको | PPA and PPR | |
| ४ | सोझै वार्ताबाट | ५ लाख सम्मको आफै र २० लाखसम्मको एक तह माथिको स्वीकृती लिई | PPA and PPR | |

# सार्वजनिक खरिदका विधिहरु

(ग) अन्य खरिद

| क सं | विधि | रकमको थ्रेसहोल्ड | सम्वन्धित खरिद कागजात | कैफियत |
|---|---|---|---|---|
| १ | गैर सरकारी संस्थाको सेवा खरिद | जनचेतनासम्वन्धी तालिम, अभिमुखिकरण, सबलीकरण, मूलप्रवाहिकरण आदी कार्य गैसस वाट गराउदा छिटो छरितो प्रभावकारी र मितव्ययी हुने भएमा । | | |
| २ | तालिम | ५ लाख सम्मको आफै र १० लाखसम्मको एक तह माथिको स्वीकृती लिई | | |
| ३ | सेवा करार | दैनिक कार्य सञ्चालन गर्न आवस्यक पर्ने सेवा करारमा लिनुपरेमा व्यक्ति, संस्था वा कम्पनीसंग ५ लाख रुपयाँसम्म सोझै वार्तावाट र सो भन्दा बढी भएमा सार्वजनिक सूचना मार्फत प्रस्ताव माग गरी गर्न सकिंने । | | |

# सार्वजनिक खरिदका विधिहरु

(ग) अन्य खरिद

| क सं | विधि | रकमको थ्रेसहोल्ड | सम्वन्धित खरिद कागजात | कैफियत |
|---|---|---|---|---|
| ४ | घर जग्गा भाडा लिने सम्वन्धी | १५ लाखसम्म र ५ लाखसम्म | काठमाण्डौ उपत्यकाका केन्द्रीयस्तरका कार्यालयहरुले १५ दिनको र क्षेत्रीयस्तर र जिल्लास्तरका कार्यालयहरुले ७ दिनको सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान गर्न सक्ने । | |
| ५ | राशन खरिदसम्वन्धी बिषेश व्यवस्था | मल खरिद विधि जस्तै | राशन बन्दोवस्त गर्नुपर्ने निकायले माघ १ गतेदेखि आपूर्तिकर्ताले राशन आपूर्ति गर्नेगरी सिलवन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमवाट खरिद बन्देवस्त गर्न सक्ने । | |
| ६ | बिषेश परिस्थितिमा खरिद | | PPA and PPR | १० लाख माथिको खरिद विवरण सार्वजनिक गर्नुपर्ने |

# अन्तराष्ट्रियस्तरमा खुल्ला बोलपत्र

(ऐनको दफा १५)

- प्रतिस्पर्धात्मक मुल्यमा नेपाल राज्यभित्रका एक भन्दा बढी निर्माण व्यवसायी वा आपूर्तिकर्ताबाट प्राप्त नहुने भएमा
- राष्ट्रियस्तरमा बोलपत्र आव्हान गर्दा कुनै बोलपत्र नपरी विदेशबाट प्राप्त गर्नु पर्ने भएमा
- दातृपक्षसँग भएको सम्झौता बमोजिम खरिद गर्नु पर्दा
- विशेष तथा जटिल किसिमको मालसामान वा निर्माण कार्य भएकोले अन्तराष्ट्रियस्तरको बोलपत्रबाट खरिद गर्नु पर्दा

# अन्तराष्ट्रियस्तरमा खुल्ला बोलपत्र ...

- रु ५ अर्ब भन्दा माथिको निर्माण कार्य र रु १५ करोड भन्दा माथिको परामर्श सेवाका लागि अन्तराष्ट्रिय बोलपत्र आह्वान गर्ने
- अन्तराष्ट्रिय स्तरको बोलपत्र आह्वानको सूचना अंग्रेजी भाषामा प्रकाशन गर्नुपर्ने
- बोलपत्र वा पूर्व योग्यता सम्बन्धी सबै कागजात अंग्रजी भाषामा उपलब्ध गराउनु पर्ने
- अन्तराष्ट्रिय स्तरको बोलपत्र आह्वानको सूचना कम्तीमा ४५ दिन अवधिको दिनुपर्ने त्यस्तो सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने
- अन्तराष्ट्रिय स्तरको बोलपत्र आह्वानको सूचना सम्बन्धित सार्वजनिक निकायको वेभसाइट वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईटमा राख्नुपर्नेछ । अन्तराष्ट्रिय सञ्चार माध्यममा समेत प्रकाशन गर्न सकिनेछ ।

# राष्ट्रियस्तरको खुल्ला बोलपत्र आव्हान

- बीस लाख रुपैयाँ भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान वा जुनसुकै सेवा खरिद गर्नुपर्दा

देहायको अवस्थामा बाहेक

- २५ लाख रुपैंयासम्मको औषधिजन्य मालसामान खरिद (सोझै खरिद)
- पचास लाख रुपैंयासम्मको स्वास्थ्य उपकरण खरिदको लागि (सिलबन्दी दरभाउपत्र)

# राष्ट्रियस्तरको खुल्ला बोलपत्र....

- राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना कम्तीमा ३० दिन अवधिको दिनुपर्ने त्यस्तो सूचना राष्टियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने
- राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना सम्बन्धित सार्वजनिक निकायको वेभसाइट वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभ साईटमा राख्नुपर्ने ।
- एक चरणको खुला बोलपत्र आह्वान गर्दा ५ अर्ब सम्मको लागत अनुमान भएको निर्माण कार्यमा राष्ट्रियस्तरको खुला बोलपत्रको माध्यमद्वारा स्वदेशी बोलपत्रदाताहरु बीच मात्र प्रतिस्पर्धा गराई खरिद गर्नु पर्ने ।

# पूर्व योग्यता

- PPMO ले ठूला र जटिल भनी निर्धारण गरेको निर्माण कार्य गर्न वा औद्योगिक प्लान्ट जस्ता उच्च मूल्यका मालसामान खरिद गर्न वा योग्य बोलपत्रदाताको पहिचान गर्न सार्वजनिक निकायले बोलपत्र आह्वान गर्न अघि पूर्व योग्यता सम्बन्धी कागजात तयार गरी प्रस्ताव पेस गर्न सार्वजनिक रूपमा आह्वान गर्नु पर्ने ।
- अन्य खरिदका लागि समेत पूर्व योग्यता निर्धारण गर्न सकिनेछ ।
- पूर्व योग्यताको आधार विभागीय प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ ।

# दुई खाम विधि

- बोलपत्रदाताको योग्यता आवश्यक पर्ने किसिमको मालसामान खरिद वा दुई करोड रुपैयाँभन्दा बढीको निर्माण कार्य गर्नु पर्दा बोलपत्रदाताले प्राविधिक र आर्थिक प्रस्ताव दुई अलग अलग खाममा राखी पेश गर्नु पर्ने ।
- बोलपत्र सम्बन्धी कागजात तयार गर्दा प्राविधिक प्रस्तावको लागि नियम २५, २६, २८ र २९ बमोजिमको प्राविधिक तथा आर्थिक र वित्तीय क्षमता प्रमाणित गर्ने योग्यताको आधार उल्लेख गर्नु पर्ने ।
- सर्वप्रथम प्राविधिक प्रस्ताव खोली यसलाई परीक्षण गरी सारभूत रूपमा प्रभावग्राही बोलपत्र निर्धारण गर्नु पर्ने ।

# दुई खाम विधि ...

- प्राविधिक प्रस्तावमा परीक्षणमा सफल हुने प्रस्तावदाताहरुको आर्थिक प्रस्ताव खोल्ने स्थान, मिति र समय उल्लेख गरी राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा सात दिन र अन्तर्राष्ट्रियस्तरको बोलपत्रको हकमा कम्तीमा पन्ध्र दिनको अवधि दिई सूचना गर्नु पर्ने ।
- प्राविधिक प्रस्तावमा असफल हुने सबै बोलपत्रदाताको आर्थिक प्रस्ताव सम्बन्धित बोलपत्रदातालाई फिर्ता गर्नु पर्ने तर विद्युतीय खरिद प्रणालीद्वारा बोलपत्र पेश गर्ने बोलपत्रदाताको आर्थिक प्रस्ताव फिर्ता गर्नु पर्दैन ।
- सारभुत रूपमा प्रभावग्राही बोलपत्रदाताको आर्थिक प्रस्ताव खोली आर्थिक तथा विशेष मूल्याङ्कन गरी न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्र छनौट गर्न पर्ने।

# सीमित बोलपत्र विधि

- कुनै मालसामान, निर्माण कार्य वा सेवा खरिदमा सीमित उत्पादक, आपूर्तिकर्ता वा सेवा प्रदायक मात्र (तीन वा सो भन्दा कम संख्यामा) भएमा तिनीहरुवीच मात्र प्रतिस्पर्धा गराई गरिने खरिद विधि
- पन्ध्र दिनको वोलपत्र आह्वानको सूचनाको माध्यमबाट प्रस्ताव माग गरि खरिद गर्न सकिने
- एक तह माथिको अधिकारीको पूर्व स्वीकृति आवश्यक पर्ने
- बहुवर्षीय खरिद सम्झौता गर्नुपर्ने अवस्थामा यो विधि प्रयोग गर्न मिल्दैन

# सिलबन्दी दरभाउपत्र विधि

- स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपैयाँ सम्म लागत अनुमान भएको मालसामान, निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाउपत्र मार्फत् खरिद गर्न सकिने ।
- पचास लाख रुपैंया सम्मको एक्सरे, ईसिजि, औषधिजन्य मालसामान, रोगको निदान तथा उपचारका लागि प्रयोग हुने स्वास्थ्य सम्बन्धी उपकरणहरु सिलबन्दी दरभाउ पत्र आह्वान गरी खरिद गर्न सकिने।
- परामर्श सेवाको हकमा दरभाउपत्रको प्रबन्ध नभएको

# सिलबन्दी दरभाउपत्र......सूचना प्रकाशन

- राष्ट्रिय वा स्थानीय पत्रपत्रिकामा कम्तिमा १५ दिनको अवधि दिई सूचना प्रकाशन गर्नु पर्ने

## सिलबन्दी दरभाउपत्रको सूचनामा उल्लेख गर्नु पर्ने विषयहरु :

- फारम पाईने स्थान र दस्तुर
- जमानत आवश्यक पर्ने भए सो को किसिम, रकम र समयावधी
- सिलबन्दी दरभाउपत्र पठाउने तरिका
- सिलबन्दी दरभाउपत्र पठाउनु पर्ने कार्यालय वा अधिकारीको नाम र ठेगाना
- सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय
- सिलबन्दी दरभाउपत्र खोल्ने मिति, समय र स्थान ।
- अन्य आवश्यक कुराहरु ।

# सिलबन्दी दरभाउ पत्र.......

- तीनवटा भन्दा कम दरभाउपत्र पेश हुन आएमा वा कुनै पनि दरभाउ पत्र पेश नभएमा सो सम्बन्धि कुनै कुरा उल्लेख नगरी दोस्रो पटक सूचना प्रकाशन गर्नु पर्ने ।
- पुनः सूचना प्रकाशन गर्दा पनि आवश्यक संख्यामा सिलबन्दी दरभाउपत्र पेश हुन नआएमा पेश भएका सिलबन्दी दरभाउपत्र स्वीकृत हुन बाधा पर्ने छैन ।
- सिलबन्दी दरभाउपत्रको दस्तुर रु एक हजार ।
- सिलबन्दी दरभाउपत्रको फारममा सार्वजनिक निकाय वा निजले तोकेको कर्मचारीको दस्तखत भई छापलागेको हुनु पर्ने ।

# सिलबन्दी दरभाउपत्र......जमानत सम्बन्धि व्यवस्था

- स्वीकृत लागत अनुमानको दुई देखि तीन प्रतिशत भित्रको सीमामा रही रकम निर्धरण गर्नुपर्ने
- दरभाउपत्रको सूचनामा जमानत रकम उल्लेख गर्नु पर्ने ।
- जमानत नगद वा वाणिज्य बैंकबाट जारी भई **पचहत्तर** दिनको मान्य अवधि भएको बैंक जमानत हुन पर्ने ।
- सिलबन्दी दरभाउपत्रको मान्य अवधि **पैतालिस** दिनको हुनेछ ।
- सिलबन्दि दरभाउपत्र पेश गर्ने अन्तिम समय सकिएको लगत्तै सार्वजनिक निकायले सिलबन्दी दरभाउपत्र आह्वानको सूचनामा तोकिएको स्थानमा सम्भव भएसम्म सिलबन्दी दरभाउ पत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा सिलबन्दी दरभाउपत्र फारम खोल्नु पर्ने छ।

# सिलबन्दी दरभाउपत्र....मूल्याङ्कन तथा सम्झौता

- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४७ बमोजिम को समिति बाट सिलबन्दी दरभाउपत्रको परीक्षण र मुल्यांकन गर्नु पर्दछ।
- पहिलोपटकको सूचना बमोजिम पेश भएका सिलबन्दी दरभाउ पत्र मध्ये न्युनतम तीनवटा सारभुत रुपमा प्रभावग्राही हुने अवस्थामा मात्र सबै भन्दा कम कबोल अङ्क रहेको दरभाउपत्र स्वीकृतीको लागि मुल्याङ्कन समितिले छनौट गर्नु पर्ने छ।
- सिलबन्दी खोलेको पन्ध्र दिन भित्र दरभाउपत्र स्वीकृत गरी सक्नु पर्ने छ। सो को जानकारी सबै सिलबन्दी दरभाउपत्र दातालाई दिनुपर्नेछ ।
- सिलबन्दी दरभाउपत्र स्वीकृत भएको सात दिन भित्र सार्वजनिक निकायले सम्बन्धित दरभाउपत्रदातालाई खरिद सम्झौता गर्न आउन सूचना दिनु पर्ने छ।
- सम्झौता गर्न आउँदा कार्यसम्पादन जमानत पेश गर्नु पर्नेछ।

# सिलवन्दी दरभाउपत्र.....बोलपत्र जमानत जफत

देहायको अवस्थामा बिडबण्ड(बोलपत्र जमानत) जफत हुनेछ।

- मूल्याङ्कन समिति बाट छनौट भएको दरभाउपत्रदाताले खरिद सम्झौता नगरेमा
- खरिद सम्झौता गर्ने म्याद भित्र कार्यसम्पादन जमानत पेश नगरेमा वा गर्न नसकेमा ।
- ऐनको दफा ६२ बमोजिमको आचरण विपरितको काम गरेमा ।

# सोझै खरिद (नियम ८५)

- दश लाख रुपैयासम्म लागत अनुमान भएको निर्माण कार्य, मालसामान
- पाँच लाख रुपैंयासम्म लागत अनुमान भएको परामर्श सेवा वा अन्य सेवा
- कम्पनीको आधिकारिक मर्मत वा सर्भिस सेन्टरबाट गरिने सवारी साधन, मेशीनरी औजार र इलेक्ट्रिक डिभाइसको पाँच लाख रुपैंया सम्मको मर्मत सम्भार
- कुनै सार्वजनिक निकायलाई आवश्यक पर्ने मालसामानको उत्पादक नेपालमा एउटा मात्र भएको र अन्य उपयुक्त विकल्प नभएमा खरिद गर्ने सार्वजनिक निकायको प्रमुखले सोही व्यहोरा अभिलेख गरी उत्पादक सँग खरिद गर्न सक्ने

# सोझै खरिद...

- एक आर्थिक बर्षमा एकै पटक वा पटक-पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न नसकिने
- पच्चिस लाख रुपैंया सम्मको लागत अनुमान भएको औषधिजन्य मालसामान
- नेपालमा उत्पादित मालसामान (उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्रि मुल्यमा)
- सोझै खरिद गर्दा सम्भव भएसम्म नेपाल गुणस्तर चिन्ह प्राप्त मालसामान खरिद गर्नु पर्ने छ।

# सोझै खरिद...

- कुनै औषधिजन्य मालसामान उत्पादन गर्ने विश्व स्वास्थ्य संगठनबाट पूर्व योग्यता प्राप्त एकमात्र कम्पनि भएकोमा त्यस्तो उत्पादकबाट खरिद गर्नु पर्दा जतिसुकै रुपैंया सम्मको भएपनि त्यस्तो औषधिजन्य मालसामान खरिद गर्न सकिनेछ।
- नेपाल सरकारको निमन्त्रणामा नेपाल भ्रमणमा रहेका विदेशी मुलुकको सरकार वा अन्तराष्ट्रिय अन्तर सरकारी संस्थाको अति विशिष्ट वा विशिष्ट व्यक्तिलाई आतिथ्यता र होटलबास सुविधाको लागि पचास लाख रुपैयाँ सम्म सोझै खरिद गर्न सकिने ।

# सोझै खरिद...

- विदेश स्थित नेपाली दुतावास वा नियोग रहेको भवन वा अपार्टमेन्टको मर्मत गर्नुपर्दा पच्चीस हजार अमेरिकि डलरसम्म सोझै खरिद गर्न सकिने ।
- नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी स्वदेशी घरेलु उद्योग भनी तोकिदिएको घरेलु उद्योगबाट उत्पादित पच्चिस लाख रुपेयाँ सम्मको मालसामान सार्वजनिक निकायले त्यस्तो घरेलु उद्योग सँग सम्झौता गरी सोझै खरिद गर्न सक्नेछ।
- सार्वजनिक निकायले एक लाख रुपैयाँ भन्दा बढि रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तिमा तीनवटा आपुर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकबाट लिखितरुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्नेछ।

# सोझै खरिद...

- एक मात्र आपूर्तिकर्ता भएको प्रोप्राईटरी मालसामान वा औषधिजन्य मालसामान सो आपूर्तिकर्ता वा निजको आधिकारिक विक्रेता वा आधिकारिक एजेन्ट मार्फत खरिद गर्न सकिने ।
- सार्वजनिक निकायले अर्को कुनै सार्वजनिक निकायबाट उत्पादित वा वितरित कुनै मालसामान वा सेवा खरिद गर्नु परेमा त्यस्तो मालसामान वा सेवा उत्पादन वा वितरण गर्ने सार्वजनिक निकायको अधिकार प्राप्त अधिकारीबाट निर्धारित बिक्रि मुल्यमा सोझै खरिद गर्न सक्नेछ।
- अन्तराष्ट्रिय अन्तरसरकारी संस्था वा विदेशि मुलुकको सरकार वा त्यस्तो संस्था, सरकार वा निकायबाट निर्धारित बिक्रि मुल्यमा मालसामान खरिद गर्दा सोझै खरिद गर्न सकिने ।

# उपभोक्ता समिति मार्फत

- निर्माण कार्य गराँउदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययिता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा
- परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा
- एक करोड रुपैयाँसम्म लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धी सेवा
- एक करोड रुपैयाँसम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिजेन्सि रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने
- सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने

## उपभोक्ता समिति मार्फत ...

- छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम वा सेवाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्ने

## सम्झौतामा उल्लेख गर्नु पर्ने कुराहरुः

- निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समितिले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम, सम्पन्न गर्नु पर्ने अवधि,
- सार्वजनिक निकायले सम्बन्धित कार्यको डिजाइन, लागत अनुमान तयार गर्ने, स्वीकृत गर्ने, प्राविधिक सल्लाह दिने, नापजाँच गर्ने, जाँचपास गर्ने र अन्य आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, सुपरिवेक्षण, गुणस्तर नियन्त्रण गर्ने,
- सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ताले गर्नु पर्ने,
- सार्वजनिक निकायले उपभोक्ता समितिलाई उपलब्ध गराइने पेश्की रकम,

# उपभोक्ता समिति मार्फत ...

- सम्झौता रकमको बढीमा एक तिहाई रकमसम्मको अग्रिम रुपमा पेश्की दिन सक्ने
- कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई पेश गर्नु पर्ने
- गरेको खर्चको सूचना सार्वजनिक रुपमा टाँस गर्नुपर्ने र सामाजिक लेखापरिक्षण गर्नुपर्ने
- निर्माण कार्यमा सामान्यतया हेभी मेशीनहरु प्रयोग गर्न नसकिने
- काम समितिले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन नसकिने ।

# लाभग्राही समुदाय मार्फत

- कम्तिमा ५० जना सदस्य भएको स्थानीय समूह, श्रम सहकारी
- पाँच करोड रुपैंयासम्म लागत अनुमान भएको देहाय वमोजिमको निर्माण कार्य यस्ता समुदायवीच प्रतिस्पर्धा गराई गराउन सकिने ।
  - जटिल प्राविधिक क्षमता आवश्यक नपर्ने
  - यस्तो समुदायबाट गर्दा मितव्ययी, गुणस्तरीय र दीगो हुने अवस्थामा
  - स्थानीय स्रोत, साधन, सीप उपयोग गरी स्थानीय स्तरमा कार्यसम्पादन हुने
  - निर्माण कार्यको मुख्य उद्देश्य नै रोजगारीको अवसर सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउन सकिने
  - निर्माण पश्चात मर्मत सम्भार र संचालन समुदायबाट हुन सक्ने

# अमानत

- सामान्य प्रकृतिको मर्मत सम्भार, सानातिना नियमित कार्य वा सरसफाई जस्ता कार्य गराउन
- निर्माण कार्य गर्नु परेमा त्यस्तो काम एक लाख रुपैयाँमा नबढाई खण्ड खण्ड गरी वार्ताबाट गराउन वा निर्माण सम्बन्धी काम आवश्यक निर्माण सामाग्री उपलब्ध गराई ज्यालामा दिन सकिने।
- सार्वजनिक निकायले अमानतबाट काम गर्नु पर्दा सो कामको लागि आवश्यक पर्ने प्राविधिक सेवा र निर्माण सामाग्री ऐन र नियमावलीको प्रक्रिया बमोजिम खरिद गरी ज्यालामा काम गराउनु पर्ने ।
- अमानतबाट काम गर्न एक तह माथिको अधिकारीको पूर्व स्वीकृति आवश्यक पर्ने ।

# गैर सरकारी संस्था

- जनचेतना सम्वन्धी तालिम, अभिमुखीकरण, मूल प्रवाहीकरण
- गैससबाट गराउँदा छिटो, छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा
- Time र लागत अनुमान स्वीकृत हुनुपर्छ
- १० लाख रुपैंयासम्मको काम मौजुदा सूचीमा रहेका गैससलाई १५ दिनको सुचना (राष्टिय वा स्थानीय दैनिक समाचारपत्रमा) प्रकाशित गरी प्रस्ताव माग गर्नुपर्छ ।
- कार्यक्षेत्रगत शर्त पूरा गरी न्यूनतम रकम प्रस्ताव गर्नेलाई छनौट गर्नुपर्छ ।
- १० लाख रुपैंयाभन्दा वढीको हकमा परामर्श सेवा खरिदको प्रकृयामा जानुपर्छ ।

# एकमुष्ट दर विधि

- लागत अनुमानको कुल अंक भन्दा के कति घटी वा बढी प्रतिशतमा काम गर्ने हो, कवोल गरी बोलपत्र पेश गर्ने विधि
- कुनै योग्यता आवश्यक नपर्ने दुई करोड रुपैंयासम्मको लागत अनुमान भएको निर्माण कार्य खरिद गर्नुपर्दा
- लागत अनुमान सार्वजनिक गरी NCB बाट प्रतिस्पर्धा गराई खरिद गर्न सक्ने
- वोलपत्रदाताले कूल लागत अनुमानमा निश्चित प्रतिशत घटी वा वढीमा काम गर्ने एकमुष्ट दर कबोल गर्नुपर्ने
- बहुवर्षीय खरिद सम्झौता गर्नुपर्ने अवस्थामा यो विधि प्रयोग गर्न मिल्दैन

# क्याटलग सपिङ्ग विधि

- हेभी ईक्विपमेण्ट, सवारी साधन, मेसिनरी औजार, स्वास्थ्य उपकरण आदी यस विधिबाट खरिद गर्न सकिने
- उत्पादक वा अधिकृत बिक्रेताद्धारा निर्धारित दरमा खरिद गर्ने विधि
- विक्री मूल्य ब्रोसर वा वेभसाईटमा प्रकाशित भएको हुनपर्छ
- समान स्तरको कम्पनीले तोकेको मूल्यमा प्रतिस्पर्धा गराउनुपर्छ
- सात देखी पन्ध्र दिनसम्मको लिखित सूचना दिई प्रतिस्पर्धा गराएर खरिद गर्नुपर्छ
- सुचनाका आधारमा उत्पादक वा अधिकृत विक्रेताले स्पेशिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी निवेदन दिनुपर्छ

# Buy Back Method

- निश्चित समयपछि औचित्यहीन हुने वा जनस्वास्थ्य वा वातावरणको दृष्टिले लिलाम गर्न वा भण्डारण गरिराख्न नमिल्ने वा प्रयोग गर्न नहुने अवस्थाका मालसामान वा मेसिनरी औजार सम्वन्धित उत्पादक वा आपूर्तिकर्तालाई फिर्ता दिई नयाँ लिने विधि
- सवारी साधन, औजार, मेशिनरी उपकरण, यन्त्र, रसायन, मल, विषादी
- उत्पादक कम्पनीले तोकेको वारेण्टी वा ग्यारेन्टीको समयसीमा अवधि पूरा भएपछि मर्मत सम्भार गरी संचालनमा ल्याउदा लागत प्रभावकारी नहुने, तोकिएको मापदण्ड अनुरुपको परिणाम नदिने अवस्था यकिन गरी

# Buy Back Method....

- सट्टापट्टा गर्दा उत्पादक वा आधिकारिक विक्रेता वा आपूर्तिकर्तासँग पुरानो मालसामानको मूल्यांकन प्रस्ताव लिई नयाँ मालसामानको निर्धारित विक्री मूल्यमा सो मूल्य घटाई खरिद सम्झौता गर्न सकिन्छ ।
- नयाँ मालसामान मान्यताप्राप्त संस्थाबाट गुणस्तर प्रमाणित भएको हुनुपर्छ
- पुरानो मालसामान र बजारमा उपलब्ध नयाँ मालसामानको सूची तयार गरी विभागीय प्रमुखबाट स्वीकृति लिएर मात्र खरिद गर्नुपर्छ
- बहुवर्षीय खरिद सम्झौता गर्नुपर्ने अवस्थामा यो विधि प्रयोग गर्न मिल्दैन

# निर्माण कार्यको आर्थिक प्रस्ताव माग गरी खरिद गर्ने

- ऐनको दफा ५९ (७) बमोजिम ठेकेदारले काम शुरु नगरे, काम बीचमै छोडे वा सम्झौता बमोजिम प्रगति नभएको कारण सम्झौता अन्त्य भएको अवस्थामा ऐनको दफा २५ बमोजिम छनौट भएका बोलपत्रदाताहरुलाई १५ दिनको म्याद दिइ आर्थिक प्रस्ताव माग गरी खरिद गर्न सकिने ।
- सिलबन्दी आर्थिक प्रस्ताव मात्र पेश गर्नु पर्ने ।
- सम्झौता अन्त्य हुँदाको बखत बाँकी रहेको कामको लागत अनुमान परिमार्जन गराइ स्वीकृत गर्नु पर्ने ।
- प्राप्त सिलबन्दी आर्थिक प्रस्ताव मूल्याङ्कन गरी न्यूनतम सारभूत रूपमा प्रभावग्राही बोलपत्र छनौट गर्नुपर्ने ।

# परामर्श सेवा खरिद विधि

## प्रतिस्पर्धात्मक प्रस्ताव विधि

- २० लाखसम्म मौजुदासूची वा प्रस्ताव माग गरी
- १५ करोड सम्मको राष्ट्रिय प्रस्ताव
- १५ करोड माथि सामान्यत: अन्तरराष्ट्रिय प्रस्ताव

## सोझै खरिद

- एक लाखसम्म लागत अनुमान भएको - सोझै
- पाँच लाखसम्म लागत अनुमान भएको - मौजुदा सूचिवाट प्रस्ताव लिएर सोझै

# परामर्श सेवा खरिद विधि ...प्रतिस्पर्धात्मक प्रस्ताव विधि

- सार्वजनिक निकायले दश लाख रुपैयाँ भन्दा बढी मुल्यको परामर्श सेवा खरिद गर्न ऐनको दफा ३० बमोजिम कम्तिमा **१५ दिनको** अवधि दिई राष्ट्रियस्तरको समाचारपत्रमा तोकिए बमोजिमको कुराहरु खुलाई सूचना प्रकाशन गरी आशयपत्र माग गर्नु पर्ने ।
- सामान्यतया पन्ध्र करोड रुपैया भन्दा बढीको रकमको परामर्श सेवा खरिद गर्नु परेमा अन्तराष्ट्रियस्तरको आशय पत्र माग गर्नु पर्ने ।
- तीन वटा आशयपत्रदाता छनौट हुन नसके सार्वजनिक निकायले पुनः सूचना प्रकाशन गरी आशयपत्र माग गर्नु पर्ने
- संक्षिप्त सूची तयार भएपछि आशयपत्रदाताहरुलाई कम्तीमा ३० दिनको समय दिई निजहरुबाट प्रस्ताव माग गर्नु पर्ने ।

# परामर्श सेवा खरिद विधि ...प्रतिस्पर्धात्मक प्रस्ताव विधि

- सार्वजनिक निकायले २० लाख रुपैया सम्मको तालिम, गोष्ठी र सेमिनार जस्ता सेवा लिनु परेमा आफ्नो कार्यालयमा तयार गरिएको मौजुदा सूचीमा रहेका कम्तीमा ३ वटा परामर्शदाताबाट लिखितरुपमा प्रस्ताव माग गरी खरिद गर्न सक्ने (एक तह माथिको अधिकारीबाट स्वीकृत गर्नु पर्ने)।
- प्रस्ताव माग गर्दा सम्भव भए सम्म ६ वटा र कम्तीमा तीनवटा परामर्शदातालाई प्रस्ताव सम्बन्धी कागजात पठाई प्राविधिक र आर्थिक छुट्टा छुट्टै खाममा माग गर्नु पर्ने ।
- प्राप्त प्रस्ताव नियम १४७ बमोजिम को मूल्याङ्कन समितिबाट परिक्षण र मुल्यांकन गर्नु पर्ने ।
- गुणस्तर र लागत विधि मार्फत् परामर्श दाता छनौट गर्नु पर्नेछ।

# प्रतियोगिता गराइ डिजाइन खरिद

- सार्वजनिक निकायले आर्किटेक्चरल वा शहरी योजना जस्ता विषयको डिजाइन खरिद गर्नु पर्दा त्यस्तो डिजाइन सम्बन्धी विस्तृत विवरण सहितको कागजात तयार गरी त्यस्तो कागजात अनुरूप डिजाइन प्रतियोगिता गराइ उपयुक्त डिजाइन खरिद गर्न सक्नेछ ।

# *Thank You*